# आठराई गाउँपालिका

[illegible]

# गाउँ कार्यपालिकाको कार्यालय

## संक्रान्तिबजार, तेह्रथुम

(कोशी प्रदेश, नेपाल)

प.सः– २०८३/०८४
च. नं. १२४

मितिः २०८३/०५/०३, बुधबार
ने.सं ११४६ गुलाथ्व, सप्तमी

**विषयः सहकारी संस्थाहरूलाई जारी गरिएको निर्देशन ।**

श्री सहकारी संस्थाहरू सबै
(आठराई गाउँपालिकाको नियमन क्षेत्राधिकारभित्रका)

प्रस्तुत विषयमा सहकारी संस्था स्थापना तथा सञ्चालनको सम्बन्धमा संघ सरकारको सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, कोशी प्रदेश सरकारको सहकारी ऐन २०७६ तथा सहकारी नियमावली २०७६ र आठराई गाउँपालिकाको सहकारी ऐन, २०७५ कार्यान्वयनमा रहेका छन् । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सहकारी विभाग, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण लगायतका विभिन्न सरकारी निकायहरूबाट सहकारी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विभिन्न मापदण्ड तथा निर्देशनहरू जारी भएका छन् । यसै सन्दर्भमा यस गाउँपालिकाको नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थाहरूमा देहाय बमोजिमको कार्य गर्नु गराउनुहुन यो निर्देशन जारी गरिएको छ ।

<u>तपसिल :-</u>

१. संस्थाको सम्पूर्ण शेयर सदस्यहरूको विवरण, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा अन्य उपसमितिका सदस्यहरूको विवरण, वार्षिक साधारण सभा, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा अन्य उपसमितिको बैठक तथा निर्णय, मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन COPOMIS प्रणालीमा प्रविष्टि तथा अद्यावधिक गर्ने ।
२. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूले वित्तीय कारोबार सञ्चालनको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट इजाजत पत्र लिनुपर्ने व्यवस्था अनुरूप हालसम्म नलिएको भए सहकारी ऐन २०७४ (संशोधन २०८३ समेत) को दफा १६(क) बमोजिम तोकिएको अवधिभित्र इजाजत पत्र लिनुहुन ।
३. आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र संस्थाको समष्टिगत विवरण तयार गरी COPOMIS प्रणालीमा प्रविष्टि गर्ने ।

४. संस्थाको वार्षिक साधारणसभाबाट निर्णय भए बमोजिम छनौट भएको लेखा परीक्षकबाट अनिवार्य रूपमा असोज मसान्तभित्र लेखा परीक्षण सम्पन्न गर्ने। बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूले PEARLS तथा MCI का सूचकहरूको विश्लेषण गरी लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्ने।

५. सहकारी ऐन नियममा उल्लेख भए बमोजिमको प्रक्रिया अवलम्बन गरी कम्तिमा ५१ प्रतिशत शेयर सदस्यको भौतिक उपस्थितिमा मात्र साधारण सभा सञ्चालन गर्ने। पहिलो पटक बोलाइएको साधारण सभामा गणपूरक संख्या नपुग भएमा साधारण सभाको बैठक स्थगित गरी ७ दिनभित्र अर्को साधारण सभाको बैठक हुने मिति र समय तोकी सूचना जारी गर्ने र यसरी बोलाइएको साधारण सभाको बैठकमा सञ्चालक समितिको बहुमत सहित केएकतिहाइ शेयर सदस्यको उपस्थितिमा साधारण सभा सञ्चालन गर्ने ।

६. सहकारी ऐन नियममा तोकेको समयभित्र सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने ।

७. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापकको फोटो सहितको तीनपुस्ते विवरण प्रमाणित गरी यस कार्यालयमा पेश गर्ने ।

८. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति र अन्य उपसमितिको सहकारी ऐन नियममा तोके बमोजिम नियमित रूपमा बैठक बस्ने, छलफल गर्ने र सहकारी संस्थाको हित वृद्धि हुने निर्णयहरू गरी कार्यान्वयन गर्ने ।

९. वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा र संस्थाको बजेट तथा कार्यक्रम साधारण सभाबाट स्वीकृत गरेर मात्र संस्थाको कामकारबाही अगाडि बढाउने ।

१०. सहकारी संस्थाको आय-व्यय, नाफा नोक्सान, बचत संकलन तथा ऋण लगानीको लेखाङ्कन तथा व्यवस्थापनलाई विश्वसनीय र पारदर्शी बनाउन प्रविधिको प्रयोग गर्ने । Online मा आधारित Software System को उपयोग गरी Software Audit गर्ने व्यवस्था मिलाउने।

११. संस्थाको ऋण लगानी तथा असुली प्रक्रियालाई व्यवस्थित बनाउने । ऋणको वर्गीकरण गरी तोकिएको प्रतिशतको रकम अनिवार्य रूपमा ऋण जोखिम कोषमा व्यवस्था गर्ने ।

१२. सहकारी संस्थामा कार्यरत कर्मचारीहरूको व्यक्तिगत विवरण दुरुस्त राख्ने व्यवस्था मिलाउने कर्मचारीलाई नियुक्ति पत्र र स्पष्ट कार्य विवरण (TOR) प्रदान गरेर मात्र काममा लगाउने ।

# आठराई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
संक्रान्तिबजार, तेह्रथुम

प.सः– २०८३/०८४  (कोशी प्रदेश, नेपाल)

च. नं. १२४


१३. योगदान र कारोबारको आधारमा संरक्षित पूँजी फिर्ता कोषको रकमलाई शेयर लाभांशमा नजोडि कानून बमोजिम फिर्ता गर्ने व्यवस्था मिलाउने। संरक्षित पूँजी फिर्ता कोष, शेयर लाभांश कोष र कर्मचारी बोनस कोषमा रहेको रकम प्रचलित ऐन नियम बमोजिम सम्बन्धित आर्थिक वर्षमा खर्च हुन नसकेको खण्डमा सो रकम जगेडा कोषमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउने ।

...............

नारायण भण्डारी

प्रमुख प्रशासकीय अधिकृत